आज मिति २०७८ साल जेष्ठ २८ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो।

## उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

निर्णय नं.१. सहरी शासकीय तथा पूर्वाधार आयोजना (NUIGP) काठमाण्डौले विर्तामोड नगरपालिका अन्तर्गत संचालन हुने सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत संचालन हुने आयोजनका निम्ति पूर्वाधार डिजाइन तथा सुपरिवेक्षण गर्न परामर्शदाता नियुक्तिका लागि पठाएको Terms of reference तथा Evaluation Criteria लाई स्वीकृत गरि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं.२. आ.व.२०७८/०७९ को बजेट तर्जुमा मार्गदर्शन तथा मापदण्ड र वजेट सिलिङ्ग तपसिल वमोजिम गर्ने निर्णय गरियो ।

<u>विर्तामोड नगरपालिकाबाट वडास्तरीय योजना छनौटका लागी दिईएको मार्गदर्शर्न तथा सिलिङ्ग</u>

१ वार्षिक बजेट तथा योजना तर्जुमा.सम्बन्धी प्राथमिकता२०७ ,मापदण्ड /८

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४बमोजिम योजना तर्जुमा गर्ने (३) ) २०७४ प्राथमिकताका क्षेत्रहरु तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शनपरिमार्जित ३ दफा ( अनुसारबार्षिक बजेटतथा योजना प्राथमिकताहरु

आर्थिक (क) विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (ख),

स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने (ग), स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

स्थानीयश्रोत (घ), साधन र सीपको अधिकतम प्रयोग हुने,

महिला (ङ), वालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने (च),

दीगो विकास (छ), वातावरणीय संरक्षण तथा सम्वर्धन गर्न सघाउ पुऱ्याउने,

२वडास्तरिय योजनाछनौट सम्वन्धी मापदण्डहरु.

१. वडास्तरीय योजना भन्नाले वडाभित्रका एक वस्ती र अर्को वस्ती/टोललाई प्रत्यक्ष फाइदा पुग्ने खालका भौतिक पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरु बुझाउँछ ।

२. लागत साझेदारी : शहरी क्षेत्र वडा नं.-१,३,४,५ भित्र रहेका सडकहरुमा नाला निर्माणका लागी लागत अनुमानको ४०% तथा पेवर्स तथा कालोपत्रेका लागी २०% रकम नगद सहभागिता हुनुपर्नेछ । ग्रामिण क्षेत्र २,६,७,८,९,१० नं. वडा भित्र निर्माण हुने भौतिक पुर्वाधार सडक, सिंचाई, कुलो, सानातिना पुल, कल्भर्ट, प्लमवाल, सामुदायिक भवन, तारजालीवाट नदी नियन्त्रणहरुमा उपभोक्ता समितिको नगद वा श्रम सहभागिता २०% हुनुपर्नेछ ।

३. कुनै सार्वजानिक वा सरकारी विद्यालय क्षेत्रले चर्चेको वस्ती नभएको स्थानमा ढल निकास र सडक जस्ता योजना स्वीकृत भई संचालन गर्नु पर्ने हकमा दाखिला गर्नु पर्ने लागत सहभागिता सम्वन्धित उपभोक्ताले दामासाहिले उठाई बुझाउनु पर्नेछ ।

Scanned with CamScanner